# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(शिक्षा,युवा तथा खेलकूद शाखा)
झाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल।

फोन नं.: ०१-४४५१२४२
०१-४४५०१९६
०१-४४५०३५६


प.सं. : २०८१/८२ (शिक्षा)
च.नं. :२९८

मिति: २०८१/०९/१४

**विषय: माथिल्ला कक्षाको अनुमति लिइ तल्लै कक्षादेखि सञ्चालनमा रहेका विद्यालयले पूर्व प्राथमिक /प्रारम्भिक बाल विकास कक्षा सञ्चालनको अनुमतिका लागि आवेदन पेश गर्ने सम्बन्धमा।**

श्री सम्बन्धित निजी/संस्थागत विद्यालय
कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौं ।

प्रस्तुत विषयमा, यस नगरपालिका क्षेत्रभित्रका कक्षा १ वा सोभन्दा माथिल्ला कक्षाको अनुमति लिएका तर पूर्व प्राथमिक तह/प्रारम्भिक बाल विकास कक्षाको अनुमति नलिइ ती कक्षासमेत सञ्चालनमा रहेका विद्यालयको लागि एक पटकका लागि ३५ दिनको समयावधि दिइ पूर्व प्राथमिक तहको अनुमतिका लागि आवेदन माग गरी अनुमतिको प्रकृया अगाडि बढाउने भनी नगर शिक्षा समितिको मिति २०८१/०३/०३ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ । पूर्व प्राथमिक तहको अनुमति लिन बाँकी निजी विद्यालयहरूले यो सूचना प्रकाशन भएको ३५ दिनभित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । कागजात पछि बुझाउने सर्तमा आवेदन फाराम दर्ता नगरिने व्यहोरासमेत जानकारी गराइन्छ । आवेदन फाराम Website: https://kageshworimanoharamun.gov.np/ मा राखिएको छ ।

**संलग्न गर्नुपर्ने कागजातहरू:**

१. सम्बन्धित वडा कार्यालयको सिफारिस र सिफारिस दस्तुर तिरेको नगदी रसिद ।
२. विद्यालय व्यवस्थापन समितिले कक्षा थप वा तह थपको लागि गरेको निर्णयको प्रतिलिपि ।
३. गुठी अन्तर्गतको विद्यालय भए शैक्षिक गुठीको विधानको प्रतिलिपि ।
४. कम्पनी अन्तर्गतको विद्यालय भए कम्पनीको प्रमाणपत्र, प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि ।
५. घर/जग्गा आफ्नै भए लालपुर्जा/नक्सा पासको प्रतिलिपि/बहालमा लिइएको भए कम्तीमा पाँच वर्षको लागि गरिएको कबुलियतनामा (करारनामा) पत्रको प्रतिलिपि ।
६. माथिल्ला कक्षा वा तहको अनुमति पत्रको प्रतिलिपि ।
७. विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीको सेवा, शर्तसम्बन्धी विनियमावलीको प्रतिलिपि ।
८. पूर्व प्राथमिक तहका शिक्षकको नियुक्ति पत्र, अध्यापन अनुमति पत्र र शैक्षिक प्रमणपत्र समेतको प्रतिलिपि ।
९. विद्यालय सञ्चालनमा लाग्ने खर्च व्यहोर्ने स्थायी स्रोत खुलेको पत्र ।
१०. पान (PAN) प्रमाणपत्रको प्रतिलिपि ।
११. पछिल्लो लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
१२. पछिल्लो कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
१३. पूर्व प्राथमिक तहका कक्षामा अध्यापन गराइने पाठ्यपुस्तक विवरण ।
१४. प्रस्तावित शुल्क विवरण ।
१५. चालु शैक्षिक सत्रमा वितरित छात्रवृत्ति विवरण ।
१६. सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
१७. नवीकरण गरिएको व्यावसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
१८. व्यावसाय कर तिरेको रसीदको प्रतिलिपि ।
१९. तोकिएको धरौटी रकम बैकमा राखिएको मुद्दती कार्डको प्रतिलिपि ।

२०८१/९/१४
पुष्पराज ढकाल
उप-सचिव